Remove Watermark Wondershare PDFelement



आर्थिक मध्यान्ह राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
27 January 2024, Saturday

कृष्णानन्द भट्ट/मध्यान्ह
काठमाडौं, १२ माघ

नेपाल चेम्बर अफ कमर्सले ७२ औं अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा भन्सार विभागका निर्देशक हरिहर पौडेललाई सम्मान गरेको छ। भन्सार विभागमा रहेर उत्कृष्ट सेवा गरेको भन्दै चेम्बरले निर्देशक पौडेललाई सम्मान गरेको हो।

काठमाडौंको जमलस्थित चेम्बर भवनमा आयोजित कार्यक्रममा अध्यक्ष राजेन्द्र मल्ल र राजश्व सचिवराम प्रसाद घिमिरेले प्रमाणपत्रसहित निर्देशक पौडेललाई कदर पत्रसहित सम्मान गरेका हुन्।

भन्सार विभागमा रहेर उत्कृष्ट सेवा प्रवाह गरेकाले पौडेललाई ७२ औं अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा सम्मान गरिएको अध्यक्ष मल्लले बताए।

सो अवसरमा भन्सार प्रशासन सुधारमा उल्लेख्य भूमिका निर्वाह गरेका बताउँदै चेम्बरका अध्यक्ष मल्लले आयत निरुत्साहित र निर्यात प्रर्वद्धन हुने गरि व्यापार सहजीकरण हुनुपर्ने बताए। उनले भन्सारमा सन्दर्भ मुल्य भन्दा पनि कारोबार मुल्यलाई मान्यता दिनुपर्नेमा जोड दिए।

सो सम्मान कार्यक्रममा राजश्व सचिव घिमिरेले अर्थतन्त्रमा पछिल्लो समय सुधारका संकेतहरु देखिन थालेको बताए। व्यापारमुखी अर्थतन्त्रबाट उत्पादनमुखी अर्थतन्त्र तर्फ जानुपर्ने र यसका लागि सहजीकरण गर्ने काम भइरहेको उनले बताए। भन्सार दिवसका अवसर पारेर चेम्बरले प्रत्येक वर्ष भन्सार विभागका उत्कृष्ट एक कर्मचारीलाई सम्मान गर्दै आएको छ।

# आमाछोदिङमो गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### गोल्जुङबेसी, रसुवा
### बागमती प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८०/१०/१३**

यस कार्यालयबाट तपसिल बमोजिम मिति २०८०/०९/०२ को मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) अनुसार तथा सार्वजिनक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | ठेक्का नं | कामको विवरण | सूचना प्रकाशित मिति | छनौट भएको बोलपत्र–दाताको नाम र ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|---|
| १ | AAMA/WORKS/ NCB/01-2080-081 | गोल्जुङ च्याम्दोल गत्लाङ सडक निर्माण | २०८०/१०/१३ | श्री लोबेन निर्माण सेवा धुन्चे, रसुवा। | ६३,७९,५१०/६९ |

Wondershare PDFelement